# नगर शिक्षा ऐन टीकापुर , २०७६

प्रस्तावना:

प्रत्येक नागरिकमा नैतिकता, सदाचार, सहिष्णुता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानिय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा जीवनोपयोगी सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले,

टीकापुर नगरपालिकाको नगर सभाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम " नगर शिक्षा ऐन टीकापुर, २०७६" रहेको छ ।

(२) यो ऐन टीकापुर नगरपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-**

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिका सम्झनु पर्छ ।

(घ) "नगर सभा" भन्नाले टीकापुर नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले टीकापुर नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ ।

(छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ज) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसायउन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखी कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त बिद्यालय सम्झनु पर्छ ।

(ञ) "संथागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी निजी पहल र लगानीमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजिकरण गर्न नियुक्त अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ड) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाँउ क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिईएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "स्वीकृति" भन्नाले तोकिएको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउदँछ ।

(ण) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँदछ ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.) , परमानेन्ट रेजिडेन्ट भिसा (पी. आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउदँछ ।

(द) "प्रारम्भिक बालशिक्षा" भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई दिइने प्रारम्भिक बालशिक्षा तथा विकास सम्झनु पर्छ ।

(ध) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले सङ्घिय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्छ ।

(न) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ

(प) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(फ) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ब) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय सम्झनुपर्छ ।

(भ) "शिक्षा अधिकृत " भन्नाले टीकापुर नगरपालिकाको शिक्षा शाखा प्रमुख वा निजको कामकाज गर्न तोकेको कर्मचारीलाई सम्झनु पर्छ ।

(म) "शिक्षा शाखा" भन्नाले टीकापुर नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखालाई सम्झनु पर्छ ।

(य) "शिक्षक किताबखाना" भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षकको पेन्सन, उपदान आदि अभिलेख व्यवस्थित गर्न तोकिएको निकाय सम्झनु पर्छ ।

(र) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति, बढुवा आदि सिफारिस गर्ने आयोग सम्झनु पर्छ ।

(ल) " शिक्षा समिति" भन्नाले नगर शिक्षा समिति सम्झनु पर्छ ।

(व) " संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(श) " अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै, वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत

बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरु मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई सम्झनु पर्छ ।

तर व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनोट गर्ने प्रयोजनको लागि बिद्यार्थीका बाबुआमा बाजे वा बजैमात्र अभिभावक मानिनेछ।

(ष ) " प्रादेशिक शिक्षा ऐन " भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(स) " नियुक्ति गर्ने अधिकारी " भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ति गर्न तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ह) " तोकिएको " वा " तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(क्ष) " सहकारी विद्यालय " भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देस्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा संचालित विद्यालय सम्झनु पर्छ ।

३. **माध्यमिक शिक्षाको प्रकार** : माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा दूर शिक्षा तथा खुला शीक्षा सञ्चालन सम्बन्धी व्यवस्था:

१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**५. विद्यालयको वर्गीकरण:** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

ग) गुठी विद्यालय

घ) सहकारी विद्यालय

**६. शिक्षाको माध्यम:**

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछन् ।

२) आधारभूत तह अन्तर्गत कक्षा ५ सम्म स्थानीय मातृभाषामा शिक्षा दिन सकिने छ ।

३) गैर नेपाली नागरिकले यस नगरपालिका भित्रका विद्यालयहरुमा अध्ययन गर्दा अनिवार्य नेपालीको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

४) भाषा विषय अध्ययन गराउदाँ शिक्षाको माध्यम सोहि भाषा हुन सक्नेछ ।

**७. विद्यालय संचालन गर्न अनुमती लिनुपर्ने :**

१) कुनै नेपालि समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठि अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२)  उपदफा (१) बमोजिम विद्यालय खोल्ने अनुमतिका लागि निवेदन  पर्न आएमा शिक्षा शाखाबाट तोकिएको पूर्वाधार पुरा भए नभएको स्थलगत अनुगमन गरि आफ्नो राए सहितको प्रतिवेदन शाखा प्रमुखले शिक्षा समितिको वैठकमा पेश गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम शिक्षा समितिको वैठकमा अनुमति दिन उपयुक्त देखिएमा कार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ । कार्यपालिकाले शिक्षा समितिको सिफारिस अनुसार विद्यालय खोल्न अनुमति दिन सक्नेछ । शिक्षा शाखाले दफा ८ बमोजिमको शर्त तथा बन्देज को अधिनमा रहि त्यस्तो विद्यालयलाई तोकिएबमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ ।

४) विदेशि शिक्षण संस्था सँग सम्बन्धन गरि विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृति नलिई दिन सकिने छैन ।

५) उपदफा १ मा लेखिएको शैक्षिक गुठि अन्तरगत संस्थागत विद्यालय खोल्न चाहनेले नगरपालिकामा गुठी दर्ता गर्नुपर्ने छ । गुठी दर्ता सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

८. विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु तोकिए बमोजिम हुनेछन् ।

**९. विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने :**

१) दफा ७ को उपदफा ३ बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्विकृतिको लागि तोकिएबमोजिमको ढाँचामा नगरकार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएका शिक्षा शाखा मार्फत त्यस्तो विद्यालयको जाचँबुझ गरि वा गराई प्रतिवेदन शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

३) उपदफा २ बमोजिम जाचबुँझ प्रतिवेदन प्राप्त भएपछि दफा ८ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिको

निर्णय सहित कार्यपालिकामा पेश गर्नुपर्नेछ । कार्यपालिकाले शिक्षा समितिको सिफारिश अनुसार विद्यालय खोल्न स्वीकृति दिन सक्नेछ । शिक्षा शाखाले दफा ८ बमोजिमको शर्त तथा बन्देजको अधिनमा रही यस्तो विद्यालयलाई तोकिएबमोजिमको ढाँचामा स्वीकृति पत्र दिनु पर्छ ।

१०. **प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था :** प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

११. **मातृभाषामा शिक्षा दिन सकिने** : मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यबस्था तोकिएबमोजिम हुनेछ।

१२. **मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी  व्यवस्था**: संघीय कानुनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. **प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिमः** प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन तोकिए बमोजिम हुनेछ।

१४. **कम्पनी ऐन अन्तर्गत सञचालित विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न सकिने** : कम्पनी अन्तर्गत संचालन भएको कुनै संस्थागत विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेमा सोको अनुमति सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१५. **धरौटी राख्नु पर्ने :** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत तोकिए बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ ।

१६. **विद्यालय सार्न वा गाभ्न सकिने** : नगर कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न वा सार्न सकिनेछ । विद्यालय सार्न वा गाभ्न पर्ने अवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **विद्यालयको तह वा कक्षा थप घट गर्न सकिने** : विद्यालयको तह वा कक्षा थप गर्ने वा घटाउने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१८. **नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार** : १) नगर कार्यपालिकाको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्विन्यन गर्न शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत तथा शिक्षा अधिकृतलाई आवश्यक निर्देशन दिने,

ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति उपसमिति वा कार्यटोली गठन गर्ने,

ग) शिक्षक सरुवाको मापदण्ड बनाई नगरपालिकाको तहमा रहनेगरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायम गर्ने आचार संहिता बनाई लागु गर्ने,

घ) शिक्षक तथा कर्मचारीको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्वन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

ङ) प्रदेश तथा संघको कानुन बमोजिम हुने शिक्षा सम्बन्धी विषयहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने ,

च) प्रत्येक चार महिनामा नगरपालिका भित्रका सबै किसिमका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

छ) विद्यालयमा आर्थिक व्यवस्था पार्दर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागु गर्ने, गराउने

ज) यस ऐनको परिधि भित्र रही आवश्यक क्षेत्रहरुको मापदण्ड बनाउने,

झ) शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगारउन्मुख बनाउने नीति अबलम्बन गर्ने,

ञ) अनौपचारिक शिक्षा, दुर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमको सञ्चालन कार्यपालिकाले मन्त्रालयबाट भएको व्यवस्था सँग तादाम्य हुने गरी आवश्यक कार्यविधी बनाई लागु गर्ने,

ट) शिक्षा सम्बन्धी कानुन निर्माण को लागी नगर सभामा पेश गर्ने ।

२ ) उपदफा १ मा जेसुकै कुरा लेखिएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नुपर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र छात्रलाई दिईने छत्रवृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरुको सेवा, सर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संथागत विद्यालयहरुको संगठनको राय परामर्श लिन सकिनेछ ।

१८ **नगर शिक्षा समिति गठन** : (१) नगरपालिकामा देहाय बमोजिमको एक नगर शिक्षा समिति रहनेछ :

क) नगर कार्यपालिकाको प्रमुख – अध्यक्ष

ख) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना महिला सदस्य- सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

घ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक- सदस्य

ङ) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना महिला सहित तीन जना – सदस्य

च) नगरपालिकाभित्र सञ्चालित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

छ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको  एकजना दलित र दुईजना महिलासहित तिन जना – सदस्य

ज) नगरपालिका स्थित विशेष शिक्षा,समावेशी शिक्षा वा स्रोतकक्षा संञ्चालन गर्ने विद्यालय बाट प्रतिनिधित्व हुने गरि  नगर शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एक जना- सदस्य

झ) नेपाल शिक्षक महासंघका नगर प्रतिनिधि १ जना – सदस्य

ञ) नगरपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य सचिव

मनोनीत सदस्यको पदावधी मनोनयन गरेको मितिबाट दुई वर्षको हुनेछ ।

(२) शिक्षा समितिको वैठक कम्तिमा प्रत्येक दुई महिनामा एक पटक बस्नुपर्नेछ ।

(३) नगर शिक्षा समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२०. **प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार**: (१) प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२१. **विद्यालय व्यवस्थापन समिति गठन** :

(१) विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन  गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमका  सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयका अभिभावकले आफूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना – सदस्य

ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनयन गरेको वडा सदस्य – सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी वा चन्दादाता मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

घ) विद्यालयका शिक्षकहरुले आफुमध्येबाट छानी पठाएको एक जना – सदस्य

ङ) विद्यालय प्रधानाध्यापक - सदस्य सचिव

२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिका स्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधी सदस्य रहनेछन् ।

३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्य बाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितीमा कम्तिमा ५० प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशि शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएको व्यक्ति सदस्य रहनेछन ।

६) सम्बन्धित विद्यालय निरिक्षण गर्न तोकिएको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक संस्थागत विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) संस्थापक वा लगानिकर्ताहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना - अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट एक जना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना – सदस्य

ग) स्थानिय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट वडा समितिले मनोनित गरेको एक जना – सदस्य

घ) विद्यालय निरीक्षक – सदस्य

ङ) विद्यालयमा कार्यरत शिक्षकहरुलेआफु मध्येबाट छानी पठाएको एक जना – सदस्य

च) प्रधानाध्यापक – सदस्य सचिव

८) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि तीन वर्षको हुनेछ ।

९) **राजीनामा स्वीकृत गर्ने** : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्वन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

१०) अभिभावकको अभिलेखिकरण, व्यवस्थापन समितिको सदस्य छनोट प्रकृया तथा वैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

**२२. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :**

क) गैर नेपाली नागरिक,

ख) पच्चिस वर्ष उमेर पूरा नभएको,

ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदारी ठहरिएको,

२३. **व्यवस्थापन समितिको विघटन गर्न सक्ने** : देहाएको अवस्थामा नगर शिक्षा समितिले व्यवस्थापन समिति विघटन गर्न सक्नेछः

क) विद्यालयको सम्पति हिनामिना गरेमा ,

ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा ,

ग) प्रचलित कानुन तथा नेपाल सरकार , प्रदेश सरकार तथा स्थानिय तहको नीति एवं हित विपरित काम गरेमा,

घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा , वा

ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानुन अनुसारको निर्देशन पटक पटक उलङ्घन गरेमा ।

२४. विद्यालय व्यवस्थापन समितिको काम ,कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२५. **शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था** : प्रत्येक विद्यालयका शिक्षक र अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ । शिक्षक अभिभावक संघ सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२६. **पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री :**

१) यस नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा पठनपाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

२) पाठ्यसामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चित गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना बनाई लागु गर्न सक्नेछन् ।

३) नगरकार्यपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्न सक्नेछ ।

४) पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२७. परीक्षा समिति सम्बन्धी व्यवस्था :

१) कक्षा ८ को नगरस्तरिय परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न देहायबमोजिमको नगरस्तरिय परीक्षा समिति रहनेछ ।

(क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा सोसम्बन्धी काम गर्न तोकिएको व्यक्ति –अध्यक्ष

(ख) नगरपालिकाभित्र सञ्चालित माध्यमिक विद्यालयका आधारभुत र माध्यमिक तहका सामुदायिक विद्यालयबाट प्रतिनिधित्व हुने गरि फरक फरक विषयका १ जना महिला सहित शिक्षा शाखाको सिफारिसमा शिक्षा समितिले मनोनित गरेका ३ जना- सदस्य

(ग) नगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट एक जना महिला सहित परिक्षा समितिले मनोनित गरेको २ जना- सदस्य

(घ) शिक्षा शाखा प्रमुखले तोकेको सो शाखाको अधिकृत वा अन्य कर्मचारी - सदस्य सचिव

(२) समितिका मनोनित सदस्यहरुको पदावधि एक शैक्षिक सत्रको हुनेछ ।

(३) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

२८. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था :

१) नगरसभाले बार्षिकरुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागी कार्यपालिकालाई निर्देशन दिन सक्नेछ ।

२) शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२९. विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने सम्बन्धीव्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३०. प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम कर्तव्य र अधिकार :**

१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञीक तथा प्रशासकिय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

२) प्रधानाध्यापक र शिक्षकको नियुक्ती तथा काम , कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३१. करारमा शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी व्यवस्था :**

१) सामुदायिक विद्यालयको रिक्त दरबन्दीमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारीस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारि छनौट समिति रहनेछ :

क)  विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

ख)  सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षक वा शिक्षा शाखा प्रमुखले तोकेको व्यक्ति – सदस्य

ग)  सम्बन्धित विषयका विषय विज्ञहरु मध्येबाट छनौट समितिले तोकेको सम्भव भएसम्म दुई जना – सदस्य

घ)  प्रधानाध्यापक – सदस्य सचिव

२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

३) आयोगले शिक्षक वा कर्मचारि छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधीको पालना गर्नुपर्नेछ ।

४)  करार शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३२. **शिक्षकको सरुवा सम्बन्धी व्यवस्था** : शिक्षकको सरुवा सम्वन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**३३. छात्रवृत्ति तथा नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था :**

१ ) संथागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तिमा दस प्रतिशत विपन्न एंव सिमान्तकृत विद्यार्थीहरुलाई नि: शुल्क छात्रवृत्ति उपल्ब्ध गराउनु  पर्नेछ ।

२ ) छात्रवृत्ति तथा नि:शुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **शिक्षक तथा कर्मचारिले पाउने विदा तथा काज सम्बन्धि व्यवस्था** : शिक्षक तथा कर्मचारिले पाउने विदा काज सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३५. **विद्यालयको चिन्ह** : विद्यालयको चिन्ह षट्कोणको हुनेछ । विद्यालय व्यवस्थापन समितिले निर्णय गरि सो षट्कोणको बिचमा आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

३६. **विद्यालयको नामाकरण** : १) समाज तथा राष्ट्रकै लागि उल्लेखनिय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवि देवता, तिर्थ स्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरि विद्यालयको नामाकरण गर्नुपर्नेछ ।

२) विद्यालयको नामाकरण सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३७. **राष्ट्रिय गान गाउनु पर्ने** : विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भ र विभिन्न समारोहमा राष्ट्रिय गान गाउनु पर्नेछ ।

३८. **झण्डोत्तोलन गर्नु पर्ने** : विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नुपर्नेछ ।

३९. **विद्यार्थीको पोशाक** : विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, साधारण, राष्ट्रियता झल्काउने र हावापानि सुहाउँदो पोशाक तोक्न सक्नेछ । तर विद्यालयले पोशाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

४०. **विद्यालयको सम्पत्ती संरक्षण सम्बन्धी व्यवस्था** : १) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्त्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

२) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४१ . **विद्यालयलाई अनुदान दिने** :

(१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट विद्यालयको लागी प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय संचित कोषमा पठाउने व्यवस्था मिलाउने छ ।

(२) विद्यालयलाई अनुदान बाडफाँट गर्ने आधार तथा खर्च सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४२. विद्यालयको बजेट , आय, व्ययको लेखाराख्ने सम्बन्धि व्यवस्था : विद्यालयको बजेट , आय व्ययको लेखा राख्ने सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४३. **शिक्षक तथा शिक्षा क्षेत्र सम्बद्ध जनशक्तिको तालिम** : तालिम तथा प्रशिक्षण सम्बन्धि व्यवस्था संघ र प्रदेशले व्यवस्था गरे अनुरुप हुनेछ ।

तर यस ऐनले नगरपालिका भित्रका शिक्षकलाई स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तालिम दिन बाधा पर्ने छैन ।

४४. **अतिरिक्त क्रियाकलाप सम्बन्धि व्यवस्था** : विद्यालयहरुले संचालन गर्ने अतिरिक्त क्रियाकलाप सम्बन्धि व्यवस्था तोकिएबमोजोम हुनेछ ।

४५**. विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरवन्दी तथा दरबन्दि मिलान सम्बन्धि व्यवस्था:** शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरवन्दी तथा दरबन्दि मिलान सम्बन्धमा संघ तथा प्रदेशको कानुन वा ऐन सँग तादात्म्य हुने गरि कार्यपालिकाले कार्यविधि बनाई नगर सभा बाट स्वीकृत गराउनु पर्नेछ ।

४६. **संघिय कानुन बमोजिम हुने**:  देहायका विषयहरु संघीय कानुन बमोजिम हुनेछन् ।

क) शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा ,
ख) शिक्षक तथा कर्मचारीको निवृत्ति भरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था,
ग) शिक्षक तथा कर्मचारीका अवकास सम्बन्धि व्यवस्था ,
घ) शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धि व्यवस्था,
ङ) विद्यालयको वर्गीकरण संघिय कानुनले तोकेको मापदण्ड अनुसार हुने,
च) स्थायी आवासिय अनुमति सम्बन्धि व्यवस्था ।

४७. **विद्यालय शुल्क सम्बन्धि व्यवस्था:**

१) संघीय कानुनले बनाएको मापदण्ड अनुसार विद्यालयहरुले विद्यार्थी सँग लिन पाउने शुल्कको निर्धारण हुनेछ ।

२) विद्यालयले विद्यार्थी सँग लिन पाउने शुल्क सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४८. **जिम्मेवार रहने:**

१) प्रधानाध्यापक स्थानिय तह, अभिभावक एंव विद्यार्थी प्रति जिम्मेवार हुनेछ, यसकालागि उनले अभिभावक एंव विद्यार्थीको विचार सर्वेक्षण गर्नेछन् ।

२) प्रचलित मापदण्डको पालना एंव गुणस्तरिय शिक्षाकोलागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा समिति सँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

३) जिम्मेवार हुने सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४९. **संरक्षकको भुमिका** : नगर प्रमुख नगरपालिका भित्रका विद्यालयको गुणस्तरिय शिक्षाका लागि प्रमुख संरक्षकको रुपमा रहनेछन् ।

५०. **दरबन्दि मिलानः** तोकिएको मापदण्डको अधारमा बढी दरबन्दी भएको बिधालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले तोकिएको प्रकृया पुरा गरी दरबन्दी मिलान गर्न सक्नेछ।

५१. **शैक्षिक परामर्श सेवा विदेशी शैक्षिक कार्यकम वा शिक्षण कोर्ष सञ्चालनः**

१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यकम सञ्चालन गर्न पाउने छैन ।

२) उपदफा १ बमोजिम शैक्षिक कार्यक्रम ट्युसन सेन्टर शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा पुर्व तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यकम सञ्चालन गर्न अनुमति लिने सम्बन्धि ब्यबस्था तोकिए बमोजिम हुनेछ।

३) माथि उल्लेखित शैक्षिक संघ सस्थाहरुले अनुमति लिइसकेपछि प्रत्येक वर्ष लेखापरीक्षण प्रगति प्रतिवेदन पेश गरी बर्षेनी नविकरण गर्नुपर्नेछ।

५२ . **शिक्षक तथा कर्मचारीले पालन गर्नु पर्ने आचार संहिता**: शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचारसंहिता पालन गर्नुपर्नेछ :

क) आफुलाई खटाएको ठाँउमा गई तोकिएको काम गर्नु पर्ने,

ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुन नहुने,

ग) आफ्नो सेवा सम्बन्धि कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्ने वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने,

घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्र सँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशीत गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदी जस्ता सुचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

ङ) विद्यार्थीलाई योग्य नागरिक बनाउने उदेश्य लिई अध्ययन र अध्यापन लाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने,

च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभुति, धैर्य र सच्चरित्रता लाई प्रोत्साहन दिनु पर्ने,

छ) कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधि भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

ज) सामुदायिक विद्यलयका शिक्षकले व्यवस्थापन समिति र सम्बन्धित स्थानिय तहको स्वीकृति नलिइ आफु वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यम द्वारा राष्ट्रिय भावना जागृत गरि देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

ञ) नेपाल राष्ट्रको सार्वभौम सत्ता र अखण्डतामा आँच आउने गरि देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानुन द्वारा निर्धारित कर्तव्य पुरा गर्नमा बाधा विरोध हुने गरि प्रदर्शन , हड्ताल, थुनछेक, तथा घेराउ गर्न नहुने ।

ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने,

उपनियम १ बमोजिमको आचारसंहिताको पालन भए नभएको अभिलेख शिक्षकहरुको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन

समितिले राख्नु पर्नेछ र आचार संहिता पालन नभएको भए त्यसको विवरण सम्बन्धित स्थानिय तहमा पठाउनु पर्नेछ ।

५३ . **विद्यार्थीले पालन गर्नुपर्ने आचार संहिता** : विद्यार्थीहरुले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछ:-

क) शिक्षकको आज्ञापालन र आदर गर्नु पर्ने ,
ख) विद्यालयमा वा बाहिर जहासुकै अनुशासनमा रहनु पर्ने,
ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त सधै प्रयत्नशिल रहनु पर्ने,
घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनु पर्ने,
ङ) सवै सँग शिष्ट व्यवहार गर्नुपर्ने,
च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने,

५४ . **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्ने कार्यपालिकाले शिक्षा नियमावली, निर्देशिका, कार्यविधि तथा अन्य आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

५५. **बाधा अड्काउ फुकाउने अधिकार** :

यस ऐनको उद्देश्य कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

५६. **बचाउ र लागु नहुने:**

१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका विषयमा सोहि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना मिना गरेको कसुरमा प्रचलित कानुन बमोजिम कारबाहि चलाउनु बाधा पर्ने छैन ।

३) संविधानसँग यस ऐनका दफा तथा उपदफा हरु बाझिएको हद सम्म स्वत: निस्क्रिय हुनेछ ।

४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक, कर्मचारिहरुलाई नेपाल सरकारबाट दिईदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कार्वाही गर्ने बाधा पर्ने छैन ।

५) यस अघि भए गरिएका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

६) साझा अधिकारका सम्बन्धमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले ब्यबस्था गरे अनुसार हुनेछ।